वर्ष २९ अङ्क ५ नोभेम्बर, २०२१ NOVEMBER, 2021

E-PAPER

मासिक प्रकाशन

सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र

# सिक्किम परिवर्तन

# मुख्यमन्त्री पीएस गोलेले आफ्नै बिर्ताजस्तो सिक्किमका सम्पत्तिहरू बेच्दै छन् : अध्यक्ष चामलिङ



गान्तोक पुलिस मुख्यालय छेउको ट्याक्सी स्ट्याण्ड तोड्दै गरेको दृश्य । यसरी नै पुरानो एसटीएनएम अस्पताल पनि तोडिँदैछ। फोटो : सिक्किम परिवर्तन

एसडीएफ अध्यक्ष श्री पवन चामलिङलाई

## जनताको सवाल ?

**प्रश्न – एसकेएम सरकारले सिक्किमका सम्पत्तिहरू धमाधम बेच्दैछ भन्ने तपाईंको आरोपलाई लिएर मुख्यमन्त्री पी.एस. गोलेले सफाइ दिएका दिएकै छन्। मुख्यमन्त्रीका बयानहरूप्रति तपाईंलाई भन्नु के छ?**

उत्तर – मुख्यमन्त्री एकपछि अर्को ढाँटका कुरा गरिरहेका छन्। यस्तो लाग्दैछ कि ढाँटको सम्राट हाम्रै अघि छन् र हाम्रो राज्य तिनै ढाँटका सम्राटले चलाइरहेका छन्। २०१९ –मा एसकेएम–ले ढाँटेरै चुनाउ जित्यो, पी.एस. गोले झुट बोलेरै मुख्यमन्त्री भए, उप–चुनाउ पनि ढाँटेरै जिते र अहिले सरकार पनि ढाँटेरै चलाइरहेका छन्।

शुरू गरौं पुरानो एसटीएनएम हस्पिटल बिक्री गरिएको कुराबाट। एसडीएफ सरकारले मुनिल्ला तल्लाहरूमा गान्तोकको मूल ट्याक्सी स्ट्याण्ड, माथिल्लो तल्लामा चिल्ड्रेन पार्क र छतमा खुल्ला पार्क बनाउने योजना बनाएको थियो। यी कुराहरू गान्तोकको निम्ति अति जरूरी कुराहरू भएकाले यो निर्णय गरिएको थियो। यसको निम्ति राज्य सरकारको अधीन ८२ करोड रुपियाँको योजना तय गरिएको थियो, जो स्मार्ट सिटी प्रोजोक्ट अर्न्तगत पूरा गरिनुथियो। हामीले कुनै निजी कम्पनीलाई यो काम दिएका थिएनौं, बेचेका थिएनौं। तर एसकेएम सरकारले यो प्रोजेक्ट प्राइभेट कम्पनीलाई बेचेर शपिङ मल बनाउन दिएको छ यसरी उनीहरूले सोझै प्राइभेट कम्पनीलाई फायदा पुऱ्याउने काम गऱ्यो। यसमा सिक्किमे जनताको हितको कुरो कतै छैन।

गान्तोकको मुटुमा रहेको पुरानो वेस्ट पोइन्ट स्कूलको ट्याक्सी स्ट्याण्ड सिलगढ़ीका एकजना मान्छेलाई बेचिएको छ। एसडीएफ सरकारले यस ठाउँमा सिक्किमेहरूका लागि ट्याक्सी स्ट्याण्ड बनाएको सबैलाई थाहा छ। यो स्ट्याण्ड सिक्किम सरकारको अधीनमा थियो। दोस्रो चरणमा यो स्ट्याण्डलाई मेन–लाइन ट्याक्सी स्ट्याण्डको रूपमा विकास गर्ने हाम्रो योजना थियो। तर अब यो सिलगढीवासी एकजना मान्छेको निजी सम्पत्ति बन्यो। यसको केवल २५ प्रतिशत ठाउँ मात्र कार पार्किङको लागि उपयोग गर्नसकिने भएको छ र ७५ प्रतिशत ठाउँ ५ तारे होटल र शपिङ मलको रूपमा प्रयोग हुनेछ। मुख्यमन्त्रीले अझै भन्दैछन्, २६ वर्षपछि यो सम्पत्ति सिक्किम सरकारलाई फर्काइदिनेछ। यसबाट बुझिन्छ, सिक्किमका वर्तमान मुख्यमन्त्रीले अझै पनि पीपीपी (पब्लिक–प्राइभेट पार्टनरसीप) र बीओटी (बिल्ड–अपरेट–ट्रान्सफर) –बीचको आधारभूत फरक छुट्याउनसकिरहेका छैनन्। उनले यससम्बन्धी मेमोरेण्डम अफ अण्डरस्ट्याण्डिङ वा सम्झौता–पत्र जनतालाई देखाउनुपर्छ। मुख्यमन्त्रीले कागज देखाऊन्, जनताले आफै कुरा बुझ्नेछन्।

सिक्किमका हाइड्रो पावर प्रोजेक्टको ६०.०८ प्रतिशत इक्विटी शेयर सिक्किमे जनताको अंश थियो। यो कुनै प्राइभेट कम्पनी वा केन्द्र सरकारको कुनै उपक्रमको अंश थिएन, र होइन। ठूलाभन्दा ठूलो झूटले पनि अब सिक्किमे जनतालाई सन्तुष्ट पार्नसक्नेछैन, र जनताको यो नोक्सानीलाई भरपाइ पनि गर्नसक्नेछैन। त्यसैले सरकारले हाइड्रो पावरको सिक्किमको इक्विटी शेयर बेचेको छैन भने मुख्यमन्त्रीले प्रमाण दिऊन् र आफैलाई साँचो प्रमाणित गरून्। साथमा, उनले कसरी यो इक्विटी शेयर बेचे, त्यो पनि बताऊन्। उनले बुझ्नुपर्छ, सिक्किमका विद्युत परियोजनाहरू सिक्किमे जनताका सम्पत्तिहरू हुन्, उनको निजी सम्पत्ति होइनन्। त्यसैले यो इक्विटी बिक्रीको प्रक्रिया, यसमा संलग्न मानिसहरू, बिक्रीको राशि आदि सबै कुराहरूको खुलासा उनले जनतासामू गर्नुपर्छ।

सिक्किम सरकारका अधीनमा रहेका अन्य सातवटा जलविद्युत परियोजनाहरू पनि एसकेएम सरकारले किन बेच्यो, त्यसको पनि जवाफ मुख्यमन्त्रीले दिनुपर्छ। ती परियोजनाहरूसम्बन्धी सबै तथ्य, जानकारी र विवरणहरू जनतासामू ल्याइनुपर्छ। सिक्किमका सबै धन–सम्पत्तिका मालिक सिक्किमे जनता हुन्। सिक्किमका सम्पत्तिहरू बेच्ने निर्णय गर्दा उनले सिक्किमे जनतालाई सोधे कि सोधेनन्? सिक्किमे जनताबाट अनुमति वा स्वीकृति लिए कि लिएनन्?

एसकेएम सरकारको अर्को उदेकलाग्दो निर्णय छ – सेन्टर फर् एक्सीलेन्स भन्ने निजी शैक्षिक संस्था स्थापना गर्ने, जसको ९० प्रतिशत फण्डिङ सिक्किम सरकारले गर्दैछ! निजी कम्पनीले आफै प्रशासन चलाउँछ, र आफै व्यापार गर्छ। यसको कुल लागत ८९२ करोड रुपियाँ रहेको छ। के आधारमा सिक्किम सरकारले यसको ९० प्रतिशत रकम भर्दैछ? त्यो जान्ने अधिकार सिक्किमे जनताको छ। थपमा, सिक्किमे विद्यार्थीहरूको भर्ना कोटा(सीट) कति हो? यसमा नोकरी कसले पाउने? यसको सम्झौता–पत्र जनताको अघि ल्याइनुपर्छ।

कर्फेक्टारको सरकारी जमीन बेचेको कुरालाई लुकाउन उनले क्यान्सर अस्पतालमा सबै काम सिक्किमेलाई दिने र वार्षिक २० प्रतिशत राजस्व पनि रहल पृष्ठ २–मा

# एसडीएफ पार्टीको नामबिना राजनैतिक टुरिष्टहरूको मूल्य र मान्यता सङ्कटमा

‘सिक्किममा एसडीएफ पार्टीको नामबिना यताउता गर्ने राजनैतिक टुरिष्टहरूको कहीं–कतै मूल्य हुँदैन रहेछ भन्ने कुराको प्रमाण फेसबुकमार्फत् राजीनामा जारी गर्ने राजनैतिक पर्यटकहरूबाट फेरि एकपटक प्रमाणित भएको छ। यो धेरै अचम्मको कुरा छ कि जतिखेर २०१९ –को चुनाउपछि एसडीएफ पार्टी सत्ताबाहिर भयो, त्यस समयदेखि नै सम्पर्कविहिन, निःखोज भएका व्यक्तिहरू आज एसडीएफ पार्टीको नाम लिएर आफ्नो पहिचान दिँदै फेसबुकमार्फत राजीनामा दिँदैछन्। आजभोलि फेसबुकमार्फत राजीनामा दिनेहरू २०१९ –को चुनाउपछि गुमनाम भएर बसेका थिए। ती गुमनाम राजनैतिक टुरिष्टहरू अर्को पार्टीमा सामेल हुन आफ्नो मूल्य बढोस् साथै पहिचान, मान्यता पाउनका लागि एसडीएफ पार्टीको त्याग लगाएर राजीनामा दिँदै पलायन हुँदैछन्। एसडीएफ पार्टी सिक्किमको राजनैतिक क्षेत्रमा कति ठूलो ब्राण्ड रहेछ भन्ने कुरा यहाँबाट साबित हुन्छ। एसडीएफ पार्टीको नामबिना ती राजनैतिक टुरिष्टहरूको अरू पार्टीमा कुनै मूल्य र मान्यता छैन रहेछ भन्ने उनीहरूको राजीनामाले छर्लङ्ग पारेको छ। त्यस्ता फ्यातुलो र हल्का मान्छेहरूको घर–ठेगाना कतै हुँदैन।’

मजबुरी र करमा सरकारसँग मिलेर काम गर्नु अर्कै कुरा हो तर २५ वर्ष एसडीएफ पार्टीजस्तो क्षेत्रीय पार्टी र पवन चामलिङजस्तो दूरदर्शी नेता विश्वमै छैन भन्दै नीति–सिद्धान्तको भाषण गर्नेहरूले भाका फेर्नु भनेको राज्यको राजनैतिक स्तर घटेर जानु हो। यस्ता प्रवृत्ति भएका मान्छेहरू जुनै पार्टीमा गए पनि वा आफ्नो पार्टी खोले पनि सिक्किमको राजनैतिक भविष्य बिगार्नुदेखि बाहेक अरू केही गर्दैनन्। युवाजमातले यस्ता मौकावादी राजनीतिज्ञहरूको नाममा धब्बाहरूलाई समाजबाट बेनाकाब गर्नुपर्छ। २०१९ –को चुनाउपछि एसडीएफ पार्टी सत्ताबाहिर भयो, त्यस समयदेखि नै सम्पर्कविहीन भएका व्यक्तिहरूलाई एसकेएमले पार्टीमा प्रवेश गराएर जुन हल्ला गरिरहेको छ, त्यो उनीहरूको बहुसङ्ख्यक जनताबाट तिरस्कृत भएर राजनैतिक माइलेज लिने प्रोपोगन्डा मात्र हो। त्यस्ता स्वार्थी र मौकावादीहरू एसकेएममा छिरेर हल्ला गर्दा एसडीएफलाई नोक्सान होइन, फाइदा हुन्छ।

स्मरण रहोस्, अहिले एसडीएफ पार्टी नयाँ युवाहरूको सहभागितामा उत्साह, उमङ्ग, जोश अनि सीनियरहरूको अनुभवले सञ्चालित हुँदैछ। केही मौकावादी मान्छेहरूले एसडीएफ पार्टीका सदस्य हौं भन्दै आफ्नो नैतिकताको बेपार गर्दै एसकेएम सरकारमा सामेल हुँदा एसडीएफ पार्टीलाई नै फाइदा हुन्छ, किनभने रूखबाट सडेका पातहरू झर्‍यो भने मात्र नयाँ पातहरू पलाउँछन्। आज एसडीएफ पार्टीमा धेरै मात्रामा नयाँ बिरूवाहरू उम्रिसकेका छन्। सिक्किमलाई माया गर्ने नैतिकता भएका व्यक्तित्वहरू, युवा, चेली, सिनियर नेताहरू सिक्किमको माटो, चिनारी र सिक्किमेको सुरक्षित भविष्य साथै अस्तित्व र अस्मिता बचाउन एसडीएफ पार्टीमा कटिबद्ध भएर काम गरिरहेका छन्। सबैलाई थाहा भएकै कुरो हो कि आजभोलि राज्यका जनताले एसकेएम पार्टीको झुटको राजनीतिलाई चाखेर अनि एसकेएम पार्टीको राजनैतिक उद्देश्य बुझेर पहिलाकै सरकार ठीक थियो भन्न थालेका छन्। एसकेएमको झुटो परिवर्तनको झाँसामा आएर सरकार परिवर्तन गर्नु ठूलो गल्ती भएछ भन्दैछन्। सिक्किमको भाग्य र भविष्य केवल एसडीएफले मात्र बचाउनसक्छ भन्ने विषयलाई बुझेर एसडीएफ पार्टीका अध्यक्ष एवं पूर्व मुख्यमन्त्री श्री पवन चामलिङलाई भेट्नचाहने जनताको कतार दिनदिनै बढ्दै गएको छ। चारैतिरका आम जनता, कर्मचारी, बेपारी, विद्यार्थी, किसान, मजदूरहरू पूर्व मुख्यमन्त्रीसँग भेटघाट गर्ने इच्छा जाहेर गर्दै एसडीएफ पार्टीको कार्यक्रम राज्यको सबैतिर व्यापक रूपमा हुनुपर्छ भन्ने माग राख्दैछन्। एकपल्ट एसडीएफ अध्यक्ष श्री पवन चामलिङ राज्यको चारै जिल्लामा भ्रमण गरिदिए जनताको हित हुनेथियो भन्ने सुझाउ र सरसल्लाह दिँदैछन्। राज्यको वर्तमान परिस्थिति र गाउँ–घरका जनताले भोग्नुपरेका दुःख–पीड़ा बताउँदै जसरी भए पनि २०२४ –मा एसडीएफ पार्टीको सरकार गठन गर्नुपर्छ भन्दै सबैले निःस्वार्थ भावले पार्टीलाई सघाउने जमर्को कसेका छन्।

‘२०१९ –को चुनाउमा झुठ, अफवाह र फरेबको आड़मा एसकेएम पार्टीले जनतालाई झुक्याएर सरकार गठन गर्न सफल भयो तर २०२४ –मा जात, धर्म, वर्गदेखि माथि उठेर सिक्किमको माटो, अस्तित्व र अस्मिता बचाउन साथै सिक्किमेको सुरक्षित भविष्य निर्माणका लागि पवन चामलिङको नेतृत्वमा एसडीएफ पार्टीलाई फेरि सरकारमा पुऱ्याउनुपर्छ भन्ने सबैतिर भनाइ छ।’ २०२४ –को चुनाउमा झुट, फरेब र षड्यन्त्रको राजनीति चल्दैन। सिक्किम अनि सिक्किमेकेन्द्रित नीति, सिद्धान्त अनि दूरदर्शिता साथै नैतिकताको कदर हुन्छ। राजनीतिको धर्म के हो भन्ने बारे ज्ञान नभएका स्वार्थी राजनैतिक टुरिष्टलाई पहिला २०१४–२०१९ मा जस्तो पार्टीले टिकट दिनुहुँदैन भन्ने जनताको भनाइ छ। त्यसैले एसडीएफ पार्टीले अब २०२४–मा सबै असल, दूरदर्शी अनि अब्बल उम्मेद्वारलाई टिकट दिनुपर्छ भन्ने कुरा पनि जनताको भनाइ छ। आजका युवा–चेलीहरू सबै शिक्षित छन्, सबै जनतामा राजनैतिक जागरूकता आइसकेको छ अनि सत्य र असत्य छुट्टाउनसक्ने क्षमता सबैमा आएको छ, त्यसैले २०१९ –को जस्तो एसकेएम पार्टीले कसैलाई अल्मलाउन सक्तैन भन्दै एसडीएफ सरकार गठन हुँदा मात्र सिक्किमको भविष्य सुरक्षित हुन्छ भन्ने कुरालाई जनताले जोर दिँदै हामी सिक्किमको हितका लागि एसडीएफ पार्टीको साथमा निःस्वार्थ भावले मनबाट जोड़िएका छौं भन्दै हामीलाई जोश–ऊर्जा दिँदैछन्। यो अराजक,



विष्णु दुलाल

तानाशाही सरकारले राज्यको अस्तित्व, अस्मिता अनि माटो सबै बेचिसक्यो, अब हामी सिक्किम बचाउन मैदानमा उत्रिनेछौं भन्ने आवाज सुनिनथालेको छ।

सबै जनतालाई थाहा भइसकेको छ कि सिक्किमको अस्तित्व, अस्मिता र माटो अब केवल एसडीएफ पार्टीले मात्र बचाउनसक्छ भनेर तर राज्यको यस्तो अवस्था देखेर पनि एसडीएफ पार्टीको नाम बेच्दै मौकावादी, अवसरवादीहरू अर्को पार्टी जानु भनेको चाहिँ सरासर आउँदो भावीपीढ़ीहरूको भविष्यलाई गाड्ने काम गरेका हुन्। आज एसडीएफ पार्टीको नाम बेचेर आफ्नो भाउ–बिक्री बढ़ाउनखोज्ने ती मौकावादी मन्त्री, विधायक, चेयरम्यान चाहिँ खाली आफ्नो मतलब पूरा गर्न, सत्ताभोग गर्न मात्र मन्त्री, विधायक भएका थिएछन् भन्ने साबित भएको छ। यस्ता मौकावादी समाज बिगार्ने, राज्यको राजनैतिक इमेज खराब गर्ने मौकावादीहरूलाई हामी युवाहरूले बहिष्कार गर्नुपर्छ।

# मुख्यमन्त्री पीएस गोलेले आफ्नै बिर्ताजस्तो...

पृष्ठ १ –को रहल

सरकारले पाउने कुरा गर्दैछन्। म चुनौती दिन्छु, मुख्यमन्त्रीले यससम्बन्धी सम्झौता–पत्र जनतासमक्ष प्रस्तुत गरून्। यसबाट सिक्किमेहरूलाई के फायदा छ? म तपाईंहरूलाई बताउचाहन्छु कर्फेक्टारमा बनिने क्यान्सर अस्पताल कर्पोरेट हाउस हो। उनीहरू सिक्किमे जनताको लागि होइन, व्यापारका लागि आएका हुन्। पीएस गोले भन्छन्, कम्पनीलाई जमीन सित्थैमा दिइएको हो। एउटा निजी कम्पनीलाई व्यापारको लागि सिक्किमको जमीन सित्थै दिनुपर्ने कुन बाध्यता सिक्किम सरकारलाई पर्‍यो? यो कस्तो सरकारी फैसला हो? उनले त सिक्किमको सबैभन्दा ठूलो सम्पभूमि नै फोकटमा दिए! सिक्किममा यति मूल्यवान् जमिन बिरलै पाइन्छ। सिक्किमको ऐतिहासिक मदर डेअरी फार्म र क्यापसिटी बिल्डिङ इन्स्टिट्यूटको हाल के होला? यी संस्थानहरू कता पुग्लान्?

अब एसकेएम सरकारमा स्टेट ब्याङ्क अफ सिक्किममा के भइरहेको छ, त्यो पनि चर्चा गरिहालौं। मुख्यमन्त्री पीएस गोलेले भन्दैछन्, कोही पनि बाहिरका मान्छेलाई लोन दिइएको छैन। म उनैलाई सोध्छु, सिलगढीका सञ्जय मित्तल कहिलेदेखि सिक्किमे भए? सञ्जय मित्तललाई स्टेट ब्याङ्क अफ सिक्किमबाट ७५ करोड रुपियाँ लोन दिइएको छ। यदि मुख्यमन्त्रीसँग आँट छ भने उनले अघिल्लो सरकार र अहिलेको सरकारमा लोन लिने वा लोन पाउनेहरूको लिस्ट सार्वजनिक गरून्। जनताले पनि असली कुरा बुझून्। किनभने स्टेट ब्याङ्क अफ सिक्किमका मालिक सिक्किमे जनता हुन्। ब्याङ्क केवल जनताका पैसाका रखवाला हो। जनताको पैसा जथाभावी चलाउनु कसरी पाइन्छ?

मुख्यमन्त्रीले बुझून् कि आज उनी चुनावअघिका पी.एस. गोले मात्र होइनन्। त्यतिखेर झूटमाथि झूट बोल्दा पनि चल्यो। तर आज उनी सिक्किमका मुख्यमन्त्री हुन्। उनले आज जति झूट बोल्छन्, त्यसले त्यति नै सिक्किमको छवि धमिल्याउँछ, त्यति नै सिक्किमको शिर झुक्छ, त्यत्ति नै सिक्किम राज्य लज्जित हुनुपर्छ। त्यसभन्दा पनि माथि जति उनले ढाँट्छन्, त्यति नै सिक्किमेहरूको भविष्य अन्धकारमय बन्दै जान्छ। उनले आफ्नै बिर्ताजस्तो सिक्किमका सम्पत्तिहरू टुक्राटुक्रा बेच्दै लगिरहेका छन्। तर यी सम्पत्तिहरूमा केवल र केवल मात्र सिक्किमे जनताको अधिकार छ। जनताको सम्पत्ति, अधिकार र भविष्यलाई बिक्री गर्ने अधिकार कसै–कसैलाई पनि छैन। त्यसैले जनताका यी सम्पत्तिहरूको बेच–बिखनसम्बन्धी सबै कागज–पत्र, दस्तावेज र सम्झौताहरू जनताअघि सार्वजनिक गर्ने माग म सिक्किम सरकारसँग गर्दछु। प्रशासनिक पारदर्शिता केवल फुक्का भाषण र प्रेस बयानले प्रमाणित गर्नसक्दैन। पारदर्शिता दस्तावेजमा हुनुर्पदछ, र नियतमा पनि हुनुर्पदछ।

मुख्यमन्त्री झुटमाथि झुट बोलिरहेको यो अवस्थामा सिक्किमलाई विध्वंशबाट बचाउने जिम्मेवारी सिक्किमे जनताको हो भन्ने सावधानी म गराउँदैछु। मलाई आशा छ, सिक्किमे जनताले समय रहँदै जिम्मेवारीबोध गर्नुहुनेछ र यो स्थितिको भयावहतालाई बुझ्नुहुनेछ।

सिक्किम र सिक्किमेली जनताको हक–हितको सुरक्षा हाम्रो एकमात्र लक्ष्य हो।

–पवन चामलिङ

सिक्किम परिवर्तन
सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र
वर्ष २९, अङ्क ५, नोभेम्बर, २०२१, November, 2021

# सचेत सिक्किमे जनताले चिन्तन गर्न आवश्यक

आज सिक्किम कुन दिशातर्फ गइरहेको छ त्यस विषय सिक्किमे जनताले चिन्तन गर्ने समय आएको छ। परिवर्तनको नाममा पछिल्ला समयका सुकीर्तिहरू बिस्तारै विलुप्त हुँदै गइरहेको स्थितिमा सचेत सिक्किमे जनताले चिन्तन गर्न आवश्यक देखिन्छ।

लोकतन्त्रमा सरकार परिवर्तन हुनु कुनै ठूलो कुरो होइन। यो त जनमत खेल मात्र हो। सन् २०१९ -को आम चुनाउमा सिक्किमे जनताले सरकार परिवर्तन गर्ने जुन निर्णय गरे त्यो जनताको अधिकारको कुरो हो। जनाधिकारलाई जो कोहीले पनि सम्मान गर्नुपर्छ। तर सत्तारूढ दलले जनाकांक्षालाई सत्तामा बसेर के कति पूरा गर्ने हो त्यस विषयमा जनताले सदैव ख्याल गरेर लोकतन्त्रको महाउत्सव चुनाउमा आफ्नो जनमतद्वारा त्यसलाई समर्थन गर्ने नगर्ने विषय हो।

सिक्किममा आज जे भइरहेको छ त्यो सबैका आँखा अघाडि छ। आज केही व्यक्तिहरू पच्चिस वर्षसम्म एसडीएफ सरकारले के गऱ्यो भन्ने प्रश्न खडा गर्दैछन्। श्री पवन चामलिङको नेतृत्वमा रहेको एसडीएफ सरकारले सिक्किमलाई विकासको त्यो गति प्रदान गऱ्यो जुन आफैमा अतुलनीय छ। गाँस, बास र कपासको अभावमा रहेका सिक्किमे जनगणलाई हरेक क्षेत्रमा सक्षम, दक्षबनाएर प्रगतिको पथमा अग्रसर गराउने काम एसडीएफ सरकारले गरेको सत्य सबैका अघि छ।

सन् १९९० को दशकको पूर्वार्द्धमा सिक्किमको अवस्था कस्तो थियो र सन् २०१० को दशकको उत्तरार्द्धमा सिक्किमको अवस्था कस्तो थियो त्यस विषय चिन्तन नगर्नेहरूले पच्चिस वर्षसम्म एसडीएफ सरकारले के गऱ्यो भन्ने प्रश्न खडा गर्न सक्लान्। तर जसलाई सिक्किमको वस्तुस्थिति बारे राम्रो ज्ञान छ उनीहरूले कहिले पनि यस्तो प्रश्न गर्दैनन्।

लोकतन्त्रमा सरकारलाई अंकुश लगाउने विपक्षको भूमिका पनि त्यति कै महत्वपूर्ण हुन्छ। विपक्ष कमजोर बन्यो भने सत्ता पक्षको मनमानी बढेर जान्छ अनि सत्तापक्ष जहिले पनि विपक्षलाई कमजोर बनाउन तल्लिन हुन्छ। विपक्षलाई सशक्त बनाउन आम जनताको भूमिका महत्त्वपूर्ण हुन्छ। तर सिक्किममा मानिस आफू चाहिँ विपक्षमा बस्न नरूचाएको देखिन्छ जो लोकतन्त्रका लागि घातक हो, यस्तो सत्तालोलुप प्रवृत्तिले सत्तापक्षलाई अराजकतापूर्वक सत्ता हाँक्न सहयोग गर्दछ। लोकतन्त्रका लागि यो अत्यन्त घातक कुरा हो। यस विषय सचेत सिक्किमे जनताले सोच्न आवश्यक छ। जबसम्म जनताले विपक्षको महत्व, विशेषता र आवश्यकता स्वीकार्दैनन् तबसम्म जनाधिकारको दुरुपयोग भइरहन्छ।

निवेदनः सिक्किम परिवर्तनमा लेख–रचना प्रकाशनार्थ यहाँहरूले हाम्रो इमेल ठेगानाः sikkimparivartansdf21@gmail.com अथवा फोन नम्बर 9593984746, 9832793623 मा वाट्सप गरेर पठाउन सक्नुहुनेछ। पत्राचारका लागि हाम्रो ठेगाना हो– सम्पादक, सिक्किम परिवर्तन, प्रचार प्रसार मामिला विभाग, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम,७३७१०१ ।

# ‘लीज’ र ‘पीपीपी’–को नाममा एकपछि अर्को गर्दै धमाधम बिक्री गर्ने सरकारका कदम र निर्णयहरू धिक्कारयोग्यः चामलिङ



एसडीएफ अध्यक्ष श्री पवन चामलिङलाई

**जनताको सवाल ?**

**प्रश्न – सिक्किम सरकारले सिक्किमका सम्पत्तिहरू निजी कम्पनीहरूलाई बेचेको कुरा तपाईंले पछिल्ला समयहरूमा उठाइरहनु भएको छ। तपाईंले सिक्किमका होइड्रो पावर, एस.टी.एन.एम., पुरानो वेस्टपोइन्ट स्कूलका साइटहरू बेचिएको कुराहरू यसबीच उठाउनुभयो। तर राज्य सरकारले पुरानो वेस्टपोइन्ट पार्किङ स्थललाई ‘लीज’–मा दिइएको र सरकारका सम्पत्तिहरू नबेचेको कुरो गर्दैछ। यसले तपाईंको चित्त कति बुझेको छ?**

उत्तर – चित्त बुझ्ने कुरो नगरौं, तर सिक्किमका सम्पत्तिहरूलाई ‘लीज’ र ‘पीपीपी’–को नाममा एकपछि अर्को गर्दै धमाधम बिक्री गर्ने सरकारका कदम र निर्णयहरू धिक्कारयोग्य छन्। गान्तोकस्थित अत्यन्त महत्वपूर्ण दुईवटा ऐतिहासिक स्थलहरू आज सिक्किमेहको हातबाट खोसिएको छ। अहिले कम्पनीहरू हाम्रो राज्यको राजधानी, गान्तोक–को मुटुमा आफ्ना निजी निशाना खड़ा गर्ने तयारीमा छन्। हाम्रा सामुहिक आँगन र सिकुवाहरू, हाम्रा खुल्ला ठाउँहरू प्राइभेट व्यक्तिहरूलाई महल बनाउन दिइएका छन्। तरै पनि गान्तोकवासीहरू मूक बनेर यी सबै घटनाहरूलाई हेरिरहेका छन्।

सिक्किमेहरू सतर्क बन्नुहोस्, ‘लीज’ भनेर यहाँ केवल जनताको आँखामा छारो हाल्ने काम भएको छ। र चोर दैलोबाट सिक्किमको जमीन गैर–सिक्किमेलाई बेच्ने काम गरिएको छ। ‘लीज’–मा एउटा अत्यन्त महत्वपूर्ण दफा हुँदछ, जस अनुसार लीजको जमीन लीजको अवधि सकिएपछि फेरि लीजहोल्डरको नाममा नै नवीकरण गरिन्छ। त्यसैले गान्तोकको मुटुमा बनिँदै गरेका परियोजनाहरू पूँजीवादी साँठगाँठका खुल्ला र निर्लज्ज उदाहरणहरू हुन्। सिक्किम सरकारले व्यवहार्यता समस्या बताएर कम्पनीलाई रु. १४० करोड धनराशि दिने सम्झौता गरेको छ। सिक्किमकै सम्पत्ति किन्नलाई सरकारले सिक्किमकै पैसा प्राइभेट कम्पनीलाई दिनु कहाँसम्मको जायज कुरा हो? योभन्दा आत्मघाती र आत्मविध्वंसक काम के हुनसक्छ?

एसकेएम सरकारले बेचेका अरू पनि कुराहरू छन्।

१. विगत दुइ वर्षमा सिक्किमका करीब १ लाख रूखहरू काटिएका छन्। सन् २०१९–२०२१ –मा सिक्किम एक प्रमुख काठ निर्यातक राज्य बनेको छ।
२. सरकारी जमीनहरू, जस्तै पिकनिक स्पट, कल्चरल पार्क, चिया बगान, एअरपोर्ट वरपरका जमीनहरू बेचिएका छन्। मुख्यमन्त्रीले पाक्योङको जमीन बेकार(युजलेस) जमीन हो भन्दैछन्। उनले के अर्थमा त्यो जमीनलाई ‘युजलेस’ भनेका हुन्, त्यो उनले बताउनुपर्नेछ। कतै उनले आफ्ना व्यापारी साथीहरूबाट त्यो जमीनको राम्रो दाम पाइनँ भनेका त होइनन्?
३. राज्यभरिका गेस्टहाउस र ट्याक्सी स्टाण्डहरू बेचिएका छन्।
४. मदर डेअरी फार्म र क्षमता विकास निर्देशनालयको भवनसँगै कर्फेक्टारको जमीन बिक्री गरियो। राङ्काको कञ्चनजङ्घा टुरिष्ट भिल्ला र सिङतामको फ्रुट प्रिजर्भेसन फ्याक्ट्री पनि बिक्री गरियो।
५. सिक्किम सरकारको अधीन र स्वामित्वमा रहेका गान्तोकका होटलहरू बिक्री गरियो। यसमध्ये एउटा भीआईपी कोलोनी जाने बाटोमा पर्ने होटल र अर्को पाल्जोर स्टेडियम रोडस्थित मयुर होटल बेचिएका छन्।
६. सल्टलेक, कोलकोतामा रहेको सिक्किम सरकारको सम्पत्ति बिक्री गरियो।
७. नयाँ दिल्लीको हौजखसमा रहेको सिक्किम सरकारको हाउस नम्बर १३ बिक्री गरियो।
८. सिलगढ़ी र बागडोगरामा रहेका सिक्किम सरकारको सम्पत्ति, जसमध्ये एउटा एसएनटी र अर्को स्वास्थ्य विभागको अधीनमा थियो, त्यसलाई पनि बेचियो।
९. दार्जीलिङमा भएको सिक्किम सरकारको दुइटा जमीन, जसमध्ये एउटा ठूलो जमीन धर्म विभागको अधिन छोग्यालकै समयदेखि रहिआएको थियो, त्यो जमीन पनि होटल निर्माणको निम्ति बेचिएको छ।
१०. सिक्किम ज्वेल्स र सिटकोको जमीन र पूर्वाधारहरू अब चाँड़ै निजी कम्पनीको हातमा जाँदैछ। सिक्किम ज्वेल्स अगाड़िपट्टिको जमीन वर्त्तमान सिक्किम सरकारका एक मन्त्रीका भाइलाई अघिबाटै दिइसकेको छ।
११. मुम्बई सिक्किम हाउसको घोटालाको छानबीन गरिनु जरूरी छ।
१२. सिक्किम सरकारको हातमा रहेका ७ वटा हाइडल प्रोजेक्टहरूको बिक्रीमा भएको घोटालाको छानबीन गरिनुपर्छ। सरकारले यी पावर प्रोजेक्टलाई किन्ने व्यक्ति र कम्पनीहरूको नाउँ तुरन्तै सार्वजनिक गर्नुपर्छ।
१३. वेस्ट पोइन्टमा निर्माणाधीन शपिङ मलमा कतिपय सरकारका मानिसहरूको पनि शेयर रहेको कुरो बाहिर आएको छ। यसमाथि तुरन्तै छानबिन गरिनुपर्छ।

रहल पृष्ठ ४–मा

# पूर्व विधायक तथा वरिष्ठ राजनीतिज्ञ श्री सुकुमार प्रधान



जन्मः १४ अक्टोबर, १९४८ , निधनः २२ अक्टोबर, २०२१

पूर्व विधायक तथा वरिष्ठ राजनीतिज्ञ श्री सुकुमार प्रधानको गत २२ अक्टोबर, २०२१ – शुक्रबारको दिन बिहान सिलगढ़ीको एउटा निजी अस्पतालमा स्वर्गारोहण भयो।

स्वर्गीय सुकुमार प्रधानको जन्म १४ अक्टोबर, १९४८–मा भएको थियो।

उहाँ स्वर्गीय नहकुल प्रधान, स्टेट एक्जेक्युटिभ काउन्सिलर (छोग्यालकालको मन्त्री पदसरह) अनि स्वर्गीय नैनाकुमारी प्रधानका ज्येष्ठ सुपुत्र हुनुहुन्थ्यो।

उहाँले स्कुले शिक्षा सरकारी वरिष्ठ माध्यमिक स्कूल सेण्ट्रल पाण्डाम अनि टाशी नाम्ग्याल अकादमीबाट ग्रहण गर्नुभएको थियो। उहाँले दार्जीलिङको सन्त जोसेफ्स कलेजबाट स्नातक गर्नुभएको थियो। स्नातकमा उहाँलाई राजनीतिक विज्ञान विषयमा विश्वविद्यालय पदक पनि प्राप्त भएको थियो।

सक्रिय राजनीतिमा प्रवेश गर्नअघि उहाँले सन् १९७३ –मा डेञ्जोङ कोअपरेटिभमा सचिवको रूपमा पनि सेवा पुऱ्याउनुभएको थियो। त्यसपछि उहाँ रम्फू सरकारी प्राथमिक पाठशालामा शिक्षकको रूपमा नियुक्त हुनुभयो अनि त्यसपछि सरकारी जुनियर हाई स्कूल माइनिङमा सरूवा हुनुभयो।

आफ्ना पिताको पथ अनुसरण गर्दै सिक्किमेली जनताको सेवार्थ उहाँ राजनीतिमा संलग्न हुनुभयो। आफ्नो लामो राजनैतिक करिअरमा उहाँले लगातार दुइपटक सन् १९८५ अनि सन् १९८९–मा सिक्किम सङ्ग्राम परिषद् पार्टीको तर्फबाट सेण्ट्रल पाण्डाम क्षेत्रका विधायकको रूपमा निर्वाचित हुनुभयो र जनसेवा पुऱ्याउनुभयो।

विधायककालमा उहाँले सन् १९८५–१९८९ –सम्म सिक्किम लाइभस्टोक डेवलपमेन्ट कर्पोरेशन अनि सिक्किम हाउजिङ एण्ड डेवलपमेण्ट बोर्डका अध्यक्षको सेवा पुऱ्याउनुभयो। उहाँले सिक्किम डिस्टिलरीजका अध्यक्षको पदभार पनि सम्हाल्नुभयो।

श्री सुकुमार प्रधान सन् १९९५ –मा सिक्किम डेमोक्रेटिक फ्रण्ट (एसडीएफ) –सँग जोड्नुभयो। एसडीएफमा उहाँले पार्टीका विभिन्न पदहरूमा बसेर जनसेवा गर्नुभयो। प्रचार सचिव, महासचिव, उपाध्यक्ष, वरिष्ठ उपाध्यक्ष एवं पार्टी अध्यक्षका सल्लाहकारको रूपमा सेवा पुऱ्याउनुभयो।

थुप्रै विधाहरूप्रति अभिरूचि राख्नु हुने उहाँको मीडियाका विभिन्न क्षेत्रमा पनि रूचि थियो। सिक्किमको लोकप्रिय दैनिक समाचारपत्र 'समय दैनिक'–का उहाँ प्रकाशक हुनुहुन्थ्यो। उहाँले 'नवज्योति' मासिक पत्रिकाका सम्पादकको रूपमा पनि कार्य गर्नुभएको थियो।

सामाजिक–सांस्कृतिक गतिविधिहरूमा गहिरो अभिरूचि राख्नु हुने स्व. प्रधानले गान्तोकमा युथ लाइब्रेरी स्थापना गर्ने कार्यमा निकै मेहनत गर्नुभएको थियो।

उहाँले नेपाली साहित्यिक पत्रिका 'नवज्योति' मासिक प्रकाशन गर्नमा धेरै योगदान पुऱ्याउनुभएको थियो तथा धैरै वर्ष यसका बोर्ड सदस्यको रूपमा काम गर्नुभएको थियो।

उहाँ 'समाज सुधार समिति', रम्फू, 'रम्फू सोशल, कल्चरल एण्ड स्पोर्टस् एसोसिएशन' अनि डुगाको 'असमर्थ सहायता समिति' –को स्थापनामा सक्रिय हुनुहुन्थ्यो।

उहाँले आफूपछि दुइजना पत्नीहरू श्रीमती कल्पना प्रधान र जाङ्म् लेप्चा; चारजना छोरीहरू चेतन प्रधान, ऋतु प्रधान, सेबल प्रधान अनि दिछेनला प्रधानलाई छोड़ेर जानुभएको छ। उहाँले भाइहरू इन्द्रकुमार प्रधान, प्रदीपकुमार प्रधान र माधव प्रधान तथा चारजना बहिनीहरू सावित्री प्रधान, मीरा प्रधान, मुन्नी प्रधान र सन्ध्या प्रधानलाई छोड़ेर जानुभएको छ।

आफ्ना पिताको राजनैतिक चिन्तनबाट प्रभावित उहाँले आफ्नो सम्पूर्ण जीवन निःस्वार्थ राज्यवासीको सेवामा समर्पित गर्नुभयो। आफ्नो सार्वजनिक जीवनमा जनता र पार्टीका लागि उहाँको योगदान उच्च प्रशंसनीय छ तथा समय र चुनौतीहरूबाट प्रमाणित छ।

श्री सुकुमार प्रधान समृद्ध अनुभवले सम्पन्न एक प्रज्ञावान, मधुरभाषी अनि सैद्धान्तिक रूपले अनुशासित व्यक्ति हुनुहुन्थ्यो। सिक्किमको इतिहासलाई अत्यन्त नजीकबाट साक्षात् गर्नुभएका यी महान् व्यक्तित्वको जीवनले हाम्रो समाज र राज्यमा सकारात्मक बदलाव ल्याउनचाहने असङ्ख्य मानिसहरूलाई प्रेरित गरिरहनेछ।

## 'लीज' र 'पीपीपी'–को नाममा...

पृष्ठ ३ को रहल

१४. १९ मार्च,२०२१ –को दिन ए.सी.एस.तथा शिक्षा विभागका सचिवले लेखेको सम्झौता पत्रमा स्पष्ट लेखिएको छ कि च्याखुङमा बनिने सेन्टर फर एक्सीलेन्सका निम्ति सिक्किम सरकारले ९० प्रतिशत खर्च बेहोर्नेछ। एउटा प्राइभेट कम्पनीको काममा सरकारले ९० प्रतिशत सिक्किमको धन किन खर्च गर्नुपऱ्यो?

यी माथि उल्लेख गरिएका ज्यादाजति सम्पति, जमीन वा बिल्डिङहरू अधिबाटै बिक्री गरिसकिएका छन्। कतिपय सम्पतिहरू भने बार्गेनिङ र नेगोसिएसनले गर्दा बिक्री गरिने भिन्न–भिन्न चरणहरूमा छन्।

तर दुःखद र दुर्भाग्यपूर्ण कुरो यो छ कि सिक्किम सरकारका यी आत्मविध्वंशक र सिक्किमघाती निर्णयहरूलाई समर्थन जनाउन मुख्यमन्त्रीले स्थानीय मानिसहरूलाई घुस दिने कोशिश गरिरहेका छन्! उनले सिक्किम बेचेर कमाएको पैसाले कतिपय सिक्किमेहरूलाई नै किन्ने र यी कुराहरूलाई समर्थन गरिमाग्ने प्रयास गरिरहेका छन्। यसरी आज एक मुट्ठी सिक्किम बेचुवाहरूले एसकेएम सरकार चलाइरहेको छ। अझै पनि मुख्यमन्त्री पी.एस. गोलेले आफूलाई दश वर्ष चाहिने बताउँदैछन्। उनलाई पहिलो पाँच वर्ष सिक्किममा हाम्रा पूर्खाहरूले कमाइराखेका श्री–सम्पत्ति, जमीन–जायदाद, धन–दौलत सिरीखुरी पार्न अनि दोस्रो पाँच वर्ष सिक्किमको अस्तित्व, सिक्किमको आत्मा र सिक्किम राज्यलाई नै सम्पूर्ण रूपले सखाप पार्न चाहिएको हुनसक्छ! यो अवस्थामा सबै सिक्किमेहरू एक हुने समय आएको छ र सिक्किम बेचुवाहरूको कदमलाई विरोध गर्ने समय आएको छ। अझै पनि हामी चुपचाप नै रहने हो भने सिक्किम नासिने र मासिने पक्का छ। हामी हाम्रै घरभित्र पराय र बिरानो बन्नेछौं। र मलाई विश्वास छ, स्वाभिमानी सिक्किमेहरूले सिक्किम विरोधीहरूलाई यस किसिमको हर्कत गरिरहने छुट दिने भूल फेरि–फेरि गर्ने छैनन्। अन्यथा हाम्रो मौनता र सहनशीलता हाम्रै विनाशको कारण बन्नसक्नेछ।

**'शान्ति, सुरक्षा र प्रगति नै एसडीएफको लक्ष्य'**